आज मिति ०८१ साल जेठ ०४ गते शुक्रवारका दिन कपिलवस्तु जिल्ला अन्तरगतका स्थानीय तहहरुको अन्तर स्थानीय तह समन्वय बैठक शिवराज नगरपालिका कार्यालयको आयोजना तथा जिल्ला समन्वय प्रमुख श्री बाबुराम आचार्य ज्यू को अध्यक्षतमा देहायको उपस्थितीमा शिवराज नगरपालिकामा बसी देहाय बमोजिम छलफल तथा निर्णय गरीयो ।

तपशिल

डा. अर्जुन कु. के.सी. मन्त्री उद्योग वन तथा वातावरण मन्त्रालय

| | | |
|---|---|---|
| श्री बाबुराम आचार्य | प्रमुख | जिल्ला समन्वय समिति कपिलवस्तु |
| श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि नगरपालिका कपिलवस्तु |
| श्री अब्दुल कलाम | नगर प्रमुख | महाराजगज नगरपालिका कपिलवस्तु |
| श्री चक्रपाणी अर्याल | नगर प्रमुख | बाणगंगा नगरपालिका कपिलवस्तु |
| श्री सुदिप पौडेल | नगर प्रमुख | कपिलवस्तु नगरपालिका कपिलवस्तु |
| श्री अजय थापा | नगर प्रमुख | शिवराज नगरपालिका कपिलवस्तु |
| श्री रजत प्रताप शाह | नगर प्रमुख | कृष्णनगर नगरपालिका कपिलवस्तु |
| श्री रमेश कुर्मी | उप प्रमुख | जिल्ला समन्वय समिति कपिलवस्तु |
| श्री गोपाल बहादुर थापा/चन्द्रमी कु. चौधरी | गा.पा. अध्यक्ष | विजयनगर गा.पा. कपिलवस्तु |
| श्री कमलेश शरण चौधरी | गा.पा. अध्यक्ष | शुद्धोधन गा.पा. कपिलवस्तु |
| श्री शिव दयाल तिवारी | गा.पा. अध्यक्ष | यशोधरा गा.पा. कपिलवस्तु |
| श्री वलिउद्धीन मुसलमान | गा.पा. अध्यक्ष | मायादेवी गा.पा. कपिलवस्तु |
| श्री शिव कुमारी चौधरी | नगर उपप्रमुख | शिवराज नगरपालिका कपिलबस्तु |
| श्री विश्व प्रकाश अर्याल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय कपिलवस्तु |

| | | |
|---|---|---|
| श्री नवराज पौडेल | प्र. उ. | जिल्ला प्रहरी कार्यालय कपिलवस्तु |
| श्री राम जंग पाण्डे | स.प्र.उ. | सशस्त्र प्रहरी बल २८ नं गण कपिलवस्तु |
| श्री जनार्दन अधिकारी | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय कपिलस्तु |
| श्री गणेश प्रसाद अर्याल | प्र.प्र.अ | कपिलवस्तु न.पा कपिलवस्तु |
| श्री भक्तिराम मरासिनी | प्र.प्र.अ | बाणगंगा न.पा कपिलवस्तु |
| श्री चुरामणी पन्थी | प्र.प्र.अ | बुद्धभूमि न.पा कपिलवस्तु |
| श्री रबिन्द्र प्रसाद चौधरी | प्र.प्र.अ | महाराजंज न.पा कपिलवस्तु |
| श्री बाबुराम पौडेल | प्र.प्र.अ | शिवराज नगरपालिका कपिलवस्तु |
| श्री खेमराज देवकोटा | प्र.प्र.अ | कृष्णनगर न.पा. कपिलवस्तु |
| श्री युवराज परियार | प्र.प्र.अ | मायाँदेवी गा.पा. कपिलवस्तु |
| श्री शोभाराम रिजाल | प्र.प्र.अ | बिजयनगर गा.पा. कपिलवस्तु |
| श्री रामचन्द्र ढकाल | प्र.प्र.अ | यशोधरा गा.पा. कपिलवस्तु |
| श्री धनिश्वर पौडेल | प्र.प्र.अ | शुद्धोधन गा.पा. कपिलवस्तु |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष | शिवराज न.पा |
| श्री विक्रम क्षेत्री | " | " |
| श्री तेज ब. वस्नेत | " | बुद्धभूमि न.पा. |
| श्री कमल विष्ट | | |
| श्री राजेश कुमार गुप्ता | इन्जिनियर | जि.स.इ. |
| श्री [illegible] | निर्वाचन जिल्ला निर्वाचन अधिकारी | |
| स्टार पौडेल | रा० स० जि० का कपिलवस्तु | |
| विपिन खनाल | अधिकृत | जि.प्र.का. |
| डिल्लीराज भट्टराई | — " — | " |
| रामजी थापा नेपाली | इ० | " |
| विष्णु प्र० अधिकारी | [illegible] | " |

प्रस्ताव नं १ विगतका निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल हुँदा विगतको समन्वय बैठकका निर्णयको कार्यान्वयनको समीक्षा गरी कार्यान्वयन हुन नसकेको विषयमा पालिकाहरुले थप पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं २ माथि छलफल हुँदा कपिलबस्तु जिल्लाका धेरै पालिकामा नदिजन्य पदार्थको ठेक्का लगाउन वनको अवरोध भएका कारण धेरै राजश्व गुमेको कारण पालिका भित्रका नदिहरुको नदिजन्य पदार्थको ठेक्का बन्दोबस्त पालिकाले नै गर्न पाउने गरी कानूनी र प्रक्रियागत सुधारका लागि प्रदेश तथा संघीय सरकारमा थप पहल गर्ने निर्णय गरियो

प्रस्ताव नं ३ नदी जन्य पदार्थको बिक्रीबाट प्राप्त हुने शुल्कको १ प्रतिशत रकम सम्बन्धमा ।

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल हुदा जिल्ला अनुगमन समितिको २०७८/०६/१७ को बैठक र मिति २०८०/०९/१८ गते जिल्ला सभाको बैठकवाट नदीजन्य पदार्थको अनुगमन र व्यवस्थापकिय कार्यका लागि जिल्ला समन्वय समितिलाई सम्बन्धित नगर पालिका / गाँउपालिका वाट नदीजन्य पदार्थको बिक्रीवाट प्राप्त हुने शुल्कको १ प्रतिशत रकम उपलब्ध गराउन भनी निर्णय भएनुसार जिल्ला समन्वय समितिलाई १ प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं ४ छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल हुदा कपिलवस्तु जिल्लामा समस्याको रुपमा रहेको छाडा चौपाया व्यवस्थापनका लागी प्रदेश सरकार र संघीय सरकारमा ~~कानून परिमार्जन~~ र प्रक्रियागत सरलिकरणका लागी पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ आश्रय गृह व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथि छलफल हुदा यस जिल्लामा साथी संस्थाले हिंसा प्रभावित महिला तथा बालबालिकाहरुलाई आश्रय दिने तथा उनिहरुको अधिकार संरक्षण सार्थै सशक्तिकरणको लागि प्रयत्न गर्दै आएको छ । बिगतका वर्षहरुमा स्थानीय तहबाट बजेट बिनियोजन भई आश्रय गृह संचालनमा सहयोग भएकोमा आ. व. ०८१/०८२ का लागि बजेट बिनियोजन गरि दिन हुनका लागि पालिकालाई पत्राचार गरि दिन हुनको लागि साथी संस्थाको च.न. २६ मिति २०८१/०१/१६ को पत्रबाट जिल्ला समन्वय समिति कपिलवस्तु लाई अनुरोध भएकोमा आश्रय गृह संचालनका लागि आ. व. ०८१/०८२ का लागि बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ बृक्षारोपण सम्बन्धमा ।

निर्णय नं ६ प्रस्ताव नं ६ माथि छलफल हुदा यस जिल्लाको मूख्य सडकहरुको दुवै तिरा बृक्षारोपण गर्न र सो कार्यको लागि सम्बन्धित स्थानीय तह / सडक डिभिजन कार्यालय शिवपुर / डिभिजन वन कार्यालय कपिलवस्तु / डिभिजन वन कार्यालय गौतम बुद्ध चन्द्रौट व्यवस्थापन निर्णय गरियो ।

<u>विविध</u>

प्रस्ताव ७- सम्मान तथा बिदाई सम्बन्धमा

प्रस्ताव ७ माथि छलफल गर्दा लुम्बिनी प्रदेशका नवनियुक्त मन्त्री माननिय अंकुर कुमार केसी ज्यूलाई कपिलवस्तु जिल्लास्थित सम्पूर्ण पालिकाको तर्फबाट सम्मान तथा कपिलवस्तु जिल्ला समन्वय कार्यालयमा लामो समयदेखी कार्यरत जिल्ला समन्वय अधिकारी श्री भूपेन्द्र ढकालज्यू अनिवार्य अवकाशमा जानुभएकोले वहाँको अवकाश जिवनको सुस्वास्थ्यको कामना गर्दै बिदाई गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८: सडक विद्युत महसुल सम्बन्धमा

निर्णय नं ८: प्रस्ताव नं ८ माथि छलफल गर्दा सडकबत्ति विद्युत महसुल सबै पालिका र जिल्लाको समन्वयमा भएकोले नगरपालिका महसुल र गाउँपालिका महसुल सहित समाधान गर्ने पहल गर्ने निर्णय गरियो।

प्रस्ताव नं ९: तिलौराकोट विकास

निर्णय नं ९: कपिलवस्तु जिल्लाको तिलौराकोट विश्व सम्पदा सूचीमा पर्न क्रमशः रहेकोमा त्यसको विकासका लागी कपिलवस्तु जिल्लाका सबै स्थानीय तहबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

~~निर्णय नं १०:-~~